# विश्वविद्यालय अनुदान आयोगको सदस्य तथा सचिव सिफारिससम्बन्धी कार्यविधि, २०८१

स्वीकृत मितिः २०८१।९।१९

विश्वविद्यालय अनुदान आयोग ऐन, २०५० को दफा ५ को उपदफा (१) को खण्ड (ख) र (छ) बमोजिम रिक्त रहेको सदस्य तथा प्रस्तुत ऐनको दफा ५ को उपदफा (१) को खण्ड (ज) तथा दफा १३ को उपदफा (३) बमोजिमको रिक्त हुन गइरहेको सचिव पदका लागि नेपाल सरकार समक्ष सिफारिस गरी आयोगको सदस्य र सचिव मनोनयन तथा नियुक्तिसम्बन्धी काम कारवाहीलाई व्यवस्थित तथा प्रभावकारी बनाउन वाञ्छनीय भएकोले,

विश्वविद्यालय अनुदान आयोग ऐन, २०५० को दफा ५ को उपदफा (१) को खण्ड (ख) र (छ) र खण्ड (ज) तथा दफा १३ को उपदफा (३) बमोजिमको कार्यसम्पादनको लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले यो कार्यविधि बनाई लागू गरेको छ।

१.संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम "विश्वविद्यालय अनुदान आयोगको सदस्य तथा सचिव सिफारिस सम्बन्धी कार्यविधि, २०८१" रहेको छ।

(२) यो कार्यविधि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ भई सदस्य मनोनयन तथा सचिव नियुक्त नहुँदासम्म कायम रहेछ।

२.परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,–

(क) "आयोग" भन्नाले विश्वविद्यालय अनुदान आयोग सम्झनुपर्छ।

(ख) "उम्मेदवार" भन्नाले सदस्यको हकमा ऐनको दफा ५ को उपदफा (१) को खण्ड (ख) र खण्ड (छ) बमोजिम आयोगको सदस्य हुन योग्यता पुगेको व्यक्ति र सचिवको हकमा ऐनको दफा ५ को उपदफा (१) को खण्ड (ज) तथा दफा १३ को उपदफा (३) बमोजिमको नियुक्तिको लागि यस कार्यविधि बमोजिम योग्यता पुगेको व्यक्तिलाई सम्झनुपर्छ।

(ग) "ऐन" भन्नाले विश्वविद्यालय अनुदान आयोग ऐन, २०५० सम्झनुपर्छ।

(घ) "मन्त्रालय" भन्नाले नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सम्झनु पर्छ।

(ङ) "विश्वविद्यालय" भन्नाले प्रचलित कानुन बमोजिम स्थापित विश्वविद्यालय सम्झनुपर्छ।

(च) "व्यवस्थापकीय पद" भन्नाले आयोगको अध्यक्ष, सदस्य, सचिव वा विश्वविद्यालयको पदाधिकारी वा उच्च शैक्षिक संस्थाको प्रमुख वा उच्च शैक्षिक संस्था अन्तर्गतको विभागीय प्रमुख भई कार्य गरेको पद सम्झनुपर्छ।

(छ) "सचिव" भन्नाले ऐनको दफा १३ बमोजिम आयोगको कारवाहीको लागि नियुक्त हुने आयोगको सचिव सम्झनुपर्छ।

(ज) "सदस्य" भन्नाले ऐनको दफा ५ को उपदफा (१) को खण्ड (ख) र (छ) बमोजिम आयोगको सदस्य सम्झनु पर्छ।

३. <u>विज्ञसम्बन्धी व्यवस्थाः</u> (१) ऐनको दफा ५ को उपदफा (१) को खण्ड (ख) र खण्ड (छ) बमोजिम आयोगको सदस्य पदमा मनोनयन र ऐनको दफा ५ को उपदफा (१) को खण्ड (ज) तथा दफा १३ को उपदफा (३) बमोजिमको सचिव नियुक्तिको लागि नाम सिफारिस गर्न मन्त्रालयले दुई जना विज्ञलाई सदस्यमा तोक्नेछ।

(२) उपदफा (१) बमोजिमको विज्ञ सदस्य देहाय बमोजिमको योग्यता भएको हुनु पर्नेछः

(क) मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तीमा विद्यावारिधि उपाधि प्राप्त गरेको,
(ख) प्रचलित कानुन बमोजिम स्थापित कुनै विश्वविद्यालयको प्राध्यापक पदमा नियुक्त भई सो पदको अनुभव हासिल गरेको,
(ग) कम्तीमा सात वर्ष उच्च शैक्षिक संस्थामा प्राध्यापन गरी अनुभव हासिल गरेको,
(घ) कम्तीमा दुई वर्ष उच्च शैक्षिक संस्थामा व्यवस्थापकीय जिम्मेवारीमा रहेको,
(ङ) प्रचलित कानुन बमोजिम सार्वजनिक पदमा नियुक्तिको लागि अयोग्य नभएको,
(च) आफू सार्वजनिक पदमा रहदा कुनै विभागीय कारवाहीमा परी सजाय नपाएको,
(छ) Plagiarism सम्बन्धमा दोषी प्रमाणित नभएको,
(ज)आयोगसँग कुनै स्वार्थ नबाझिएको,
(झ) नेपाली नागरिक भएको,
(ञ) पैंतिस वर्ष उमेर पूरा भएको,
(ट) तत्काल कुनै राजनीतिक दलको सदस्य नभएको।

४. <u>बैठकसम्बन्धी कार्यविधिः</u>(१) विज्ञ सदस्यको बैठकको अध्यक्षता पदगत आधारमा ज्येष्ठ विज्ञले गर्नेछ।

(२) ज्येष्ठ विज्ञ सदस्यले तोकेको मिति, समय र स्थानमा विज्ञको बैठक बस्नेछ।

(३) विज्ञ सदस्यको बैठकमा विज्ञ सदस्यको राय स्वतन्त्र हुनेछ र प्रत्येक विज्ञ सदस्यले आफ्नो धारणा स्वतन्त्र रुपमा राख्न सक्नेछ।

५. <u>उम्मेदवारको आवश्यक न्यूनतम योग्यताः</u> (१) ऐनको दफा ५ को उपदफा (१) को खण्ड (ख) बमोजिम विश्वविद्यालयका उपकुलपतिमध्येबाट रिक्त रहेको एक जना आयोगको सदस्यमा मनोनीत हुनको लागि प्रचलित नेपाल कानुन बमोजिम स्थापित विश्वविद्यालयको उपकुलपतिमा बहाल रहेको हुनु पर्नेछ।

(२) ऐनको दफा ५ को उपदफा (१) को खण्ड (छ) बमोजिम आयोगको सदस्यमा मनोनीत हुनको लागि नेपाली नागरिक भएको, उच्च शिक्षाको विभिन्न क्षेत्रमा विशेष योगदान पुर्याएको, मनोनयन हुनु तत्काल अघि कुनै राजनितिक दलको सदस्य नभएको, प्रचलित कानुन

नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

बमोजिम सार्वजनिक पदमा नियुक्त वा मनोनयन हुन अयोग्य नभएको र उच्च नैतिक चरित्र भएको हुनु पर्नेछ।

(३) ऐनको दफा ५ को उपदफा (१) को खण्ड (ज) तथा दफा १३ को उपदफा (३) बमोजिमको रिक्त रहेको आयोगको सचिव एक जनामा नियुक्त हुनको लागि उम्मेदवारको न्यूनतम योग्यता देहायबमोजिम हुनेछः-

(क) प्रचलित कानुनबमोजिम स्थापित कुनै विश्वविद्यालयको शिक्षण सेवामा स्थायी नियुक्त भइ प्राध्यापक पदको अनुभव हासिल गरेको,

(ग) उच्च शिक्षाको क्षेत्रमा विशेष योगदान पुर्‍याएको

(घ) प्रचलित कानुन बमोजिम सार्वजनिक पदमा मनोनयनको लागि अयोग्य नभएको,

(ङ) Plagiarism सम्बन्धमा दोषी प्रमाणित नभएको,

(च) निजी उच्च शैक्षिक संस्थामा लगानी नगरेको,

(छ) आफू सार्वजनिक पदमा रहदा कुनै विभागीय कारवाहीमा परी सजाय नपाएको,

(ज) नेपाली नागरिक भएको,

(झ) पैंतिस वर्ष उमेर पूरा भएको,

(ञ) तत्काल कुनै राजनीतिक दलको सदस्य नभएको।

<u>स्पष्टिकरण</u>ः यस दफाको उपदफा (२) र (३) को प्रयोजनको लागि "उच्च शिक्षाको विभिन्न क्षेत्रमा विशेष योगदान पुर्‍याएको" भन्नाले प्रचलित कानुन बमोजिम स्थापित विश्वविद्यालयको स्थापना वा सञ्चालन वा व्यवस्थापनमा योगदान पुर्याएको वा उच्च शिक्षाको क्षेत्रमा अनुसन्धान, अध्यापन वा व्यवस्थापकीय पदमा रही कार्य गरेको वा उच्च शिक्षाको क्षेत्रमा राष्ट्रिय अन्तराष्ट्रियस्तरको अनुसन्धानमा नेतृत्वदायी भूमिका निर्वाह गरेको वा उच्च शिक्षाको क्षेत्रमा नीतिगत तहमा रही कार्य गरी अनुभव हासिल गरेको वा शैक्षिक संस्थाको नेतृत्व गरी सफलता हासिल गरेको वा उच्च शिक्षाको क्षेत्रमा नमूना किसिमका उदाहरणीय कार्य कार्य गरेको वा औद्योगिक वा शैक्षिक प्रविधि क्षेत्र वा स्टार्ट अप क्षेत्रको संस्थापक वा प्रवर्तक भई उच्च शिक्षामा उन्ननयन हासिल गर्न उल्लेखनीय योगदान गरेको व्यक्ति सम्झनु पर्छ।

६. <u>उम्मेदवार खोजी तथा पहिचान गर्ने</u>: (१) विज्ञ सदस्यहरूले ऐनको दफा ५ को उपदफा (१) को खण्ड (ख) बमोजिमका सदस्यको लागि विश्वविद्यालयका उपकुलपतिको पहिचान गर्नेछन।

(२) विज्ञ सदस्यहरूले ऐनको दफा ५ को उपदफा (१) को खण्ड (छ) बमोजिमको सदस्यको लागि यस कार्यविधिको दफा ५ को उपदफा (२) बमोजिम योग्यता पुगेका व्यक्तिहरूको पहिचान गर्नेछन।

(३) विज्ञ समितिले ऐनको दफा ५ को उपदफा (१) को खण्ड (ख) र (छ) बमोजिम मनोनित गर्नका लागि सदस्यको पहिचान गरी तथा ऐनको दफा ५ को उपदफा (१) को खण्ड (ज) तथा दफा १३ को उपदफा (३) बमोजिमको सचिवमा नियुक्तिको लागि खोजी तथा पहिचान गरी पहिलो बैठक बसेको मितिले पन्ध्र दिनभित्र मन्त्रालयमा सिफारिस गर्नेछन्।

(४) विज्ञ सदस्यहरूले ऐनको दफा ५ को उपदफा (१) को खण्ड (ख) र (छ) बमोजिम आयोगको सदस्य पदमा मनोनयनको लागि व्यक्तिगत विवरण (बायोडाटा) माग गर्नेछन।

नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सिंहदरबार, काठमाडौं, नेपाल

(५) ऐनको दफा ५ को उपदफा (१) को खण्ड (ज) तथा दफा १३ को उपदफा (३) बमोजिमको सचिवमा नियुक्तिको लागि इच्छुक योग्य व्यक्ति खोजी तथा पहिचान गर्ने क्रममा सात दिनको समय दिई मन्त्रालयको बेवसाइट तथा आयोगको वेवसाइटमा सार्वजनिक सूचना प्रकाशन गर्न सकिनेछ।

(६) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि विज्ञ सदस्यले सूचना बमोजिम दरखास्त पेश नगरेका व्यक्तिलाई समेत यस कार्यविधिको आधारमा ऐनको दफा ५ को उपदफा (१) को खण्ड (ज) तथा दफा १३ को उपदफा (३) बमोजिमको सचिवमा नियुक्तिको लागि नाम सिफारिस गर्न बाधा पुग्ने छैन।

७. <u>कागजातसम्बन्धी व्यवस्था:</u> विज्ञ सदस्यहरूले देहाय बमोजिमको विवरण उम्मेदवारसँग माग गरी योग्यता तथा उपयुक्तताको यकिन गर्नु पर्नेछः

(क) ऐनको दफा ५ को उपदफा (१) को खण्ड (ख) बमोजिमको सदस्यको लागि विश्वविद्यालयको उपकुलपतिको नियुक्ति पत्रको प्रतिलिपि र व्यक्तिगत विवरण (बायोडाटा) माग गर्नु पर्नेछ।

(ख) ऐनको दफा ५ को उपदफा (१) को खण्ड (छ) बमोजिमको सदस्यको लागि नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, व्यक्तिगत विवरण (बायोडाटा), मनोनयन हुनु तत्काल अघि कुनै राजनितिक दलको सदस्य नभएको स्वघोषणा, प्रचलित कानुन बमोजिम सार्वजनिक पदमा नियुक्त वा मनोनयन हुन अयोग्य नभएको स्वघोषणा माग गर्नु पर्नेछ।

(ग) ऐनको दफा ५ को उपदफा (१) को खण्ड (ज) तथा दफा १३ को उपदफा (३) बमोजिमको सचिवको लागि नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, स्नातकोत्तर तथा विद्यावारिधी उपाधिको शैक्षिक प्रमाणपत्रको प्रतिलिपि, प्राध्यापकको नियुक्ति पत्रको प्रतिलिपी र आफ्नो सबै शैक्षिक उपलव्धिहरू उल्लेख भएको व्यक्तिगत विवरण (बायोडाटा) माग गर्नु पर्नेछ।

(घ)माथी खण्ड (क), (ख) र (ग) बमोजिमका उम्मेदवारको निजी उच्च शैक्षिक संस्थामा लगानी नगरेको ब्यहोरा खुलेको स्वघोषणा पत्र माग गर्नु पर्नेछ।

(ङ)माथी खण्ड (क), (ख) र (ग) बमोजिमका उम्मेदवारको प्रचलित कानुन बमोजिम सार्वजनिक पदमा मनोनयनको लागि अयोग्य नभएको, Plagiarism सम्बन्धमा दोषी प्रमाणित नभएको र कुनै राजनीतिक दलको सदस्य नरहेको स्वघोषणा पत्र।

**स्पष्टिकरण**

शैक्षिक उपलव्धिहरू भन्नाले प्राज्ञिक अनुसन्धान, अन्तर्राष्ट्रिय इन्डेक्स जर्नलमा प्रकाशन तथा अन्तर्राष्ट्रिय गोष्ठीहरूमा अनुसन्धान पत्र प्रस्तुत गरेको, विषयगत ज्ञान र उच्च शिक्षामा विशेष योगदान पुर्याएको समेत बुझिनेछ ।

८. <u>छनोट विधि:</u> (१) विज्ञ सदस्यहरूले दफा ५ बमोजिमको आवश्यक न्यूनतम योग्यता तथा दफा ७ बमोजिमका व्यक्तिगत विवरण तथा योग्यताको आधारमा ऐनको दफा ५ को उपदफा (१) को खण्ड (ख) बमोजिम सदस्यको लागि तीन जनाको नाम मन्त्रालयसमक्ष पेश गर्नु पर्नेछ।

(२) विज्ञ सदस्यहरूले दफा ५ बमोजिमको आवश्यक न्यूनतम योग्यता तथा दफा ७ बमोजिमको प्राज्ञिक उन्नयनको लागि उच्च शिक्षामा विशेष योगदान पुर्याएका विवरण सहितको

व्यक्तिगत विवरण (बायोडाटा) तथा योग्यताको आधारमा ऐनको दफा ५ को उपदफा (१) को खण्ड (छ) बमोजिम सदस्यको लागि तीन जनाको नाम मन्त्रालयसमक्ष पेश गर्नु पर्नेछ।

(३) विज्ञ सदस्यहरूले दफा ५ बमोजिमको आवश्यक न्यूनतम योग्यता तथा दफा ७ बमोजिमका व्यक्तिगत विवरणका साथै प्राज्ञिक अनुसन्धान, अन्तर्राष्ट्रिय इन्डेक्स जर्नलमा प्रकाशन तथा अन्तर्राष्ट्रिय गोष्ठीहरूमा प्रस्तुत गरेको अनुसन्धान पत्र, विषयगत ज्ञान र उच्च शिक्षामा पुर्याएको योगदान जस्ता पक्षको अध्ययन गरी सोको आधारमा ऐनको दफा ५ को उपदफा (१) को खण्ड (ज) तथा दफा १३ को उपदफा (३) बमोजिमको सचिवको लागि तीन जनाको नाम मन्त्रालयसमक्ष पेश गर्नु पर्नेछ।

९.<u>मूल्याङ्कन प्रक्रियामा समावेश हुन नहुने:</u> (१) विज्ञ सदस्यका नजिकका नातेदार वा स्वार्थ बाझिएको कुनै व्यक्ति सदस्य पदको पहिचानको क्रममा नाम आएको खण्डमा त्यस्तो सदस्यको मूल्याङ्कन प्रक्रियामा सहभागी हुनु हुदैन।

(२) उपदफा (१) बमोजिमको अवस्था परी आएमा मन्त्रालयबाट आवश्यक व्यवस्था भए बमोजिम हुनेछ।

१०. <u>नाम सिफारिस गर्ने</u>: मन्त्रालयले यस कार्यविधिको दफा ८ बमोजिम पेश भएका तीन तीन जना व्यक्तिहरूमध्येबाट ऐनको दफा ५ को उपदफा (१) को खण्ड (ख) र खण्ड (छ) बमोजिमको सदस्यको लागि एक एक जना गरी दुई जना र ऐनको दफा ५ को उपदफा (१) को खण्ड (ज) तथा दफा १३ को उपदफा (३) बमोजिम आयोगको सचिव नियुक्त गर्नका लागि एक जना गरी जम्मा तीन जनाको नाम नेपाल सरकार समक्ष सिफारिस सहित प्रस्ताव गर्नेछ।

११.<u>सहयोग तथा खर्चसम्बन्धी व्यवस्था:</u> (१) आयोगको सदस्य मनोनयन तथा सचिव नियुक्तिको लागि छनोट सम्बन्धी प्रक्रियामा मन्त्रालय तथा आयोगका पदाधिकारी तथा कर्मचारीको सहयोग लिन सकिनेछ।

(२) सदस्य मनोनयनसम्बन्धमा भएको बैठक, सूचना प्रकाशन, सचिवालय व्यवस्थापन र यस सम्बन्धमा हुने आवश्यक खर्च आयोगबाट नियमानुसार भुक्तानी हुनेछ।

१२. <u>सूचना प्रविधिको प्रयोग गर्न सकिने</u>: (१) विज्ञ सदस्यहरूले यस कार्यविधि बमोजिम आयोगको सदस्य मनोनयन तथा सदस्य नियुक्ति को लागि नाम सिफारिस गर्न सूचना प्रविधिको प्रयोग गरी आवश्यक कार्य गर्न गराउन सक्नेछन्।

(२) उपदफा (१) बमोजिम सूचना प्रविधिको प्रयोग गरी भएको कार्य यसै कार्यविधि बमोजिम भए गरिएको मानिनेछ।

१३. <u>सम्पर्क इकाइको रुपमा रहने:</u> (१) विज्ञ सदस्यबाट यस कार्यविधि बमोजिमको काम कारवाहीको लागि आवश्यक समन्वय तथा सहजीकरणको लागि मन्त्रालयको उच्च शिक्षा महाशाखाले सम्पर्क इकाइको रुपमा कार्य गर्नेछ।

(२) यस कार्यविधि बमोजिम सदस्यको मनोनयनको लागि र सचिवको नियुक्ति सम्बन्धी सिफारिस समितिको सचिवालय मन्त्रालयको उच्च शिक्षा शाखामा रहनेछ।

नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय काठमाडौं, नेपाल

१४.कागजपत्रको संरक्षणः सदस्यको मनोनयन तथा सचिवको नियुक्ति सम्बन्धी सिफारिसको कार्य सम्पन्न भएपछि यस सम्बन्धी सम्पूर्ण कागजात, प्रमाण तथा निर्णयहरू मन्त्रालयमा सुरक्षित राखिनेछ।

१५. बाधा अडकाउ फुकाउन सक्नेः यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ आई परेमा मन्त्रालयले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।

१६.खारेजीः यस मन्त्रालयबाट यस अघि जारी भएको "विश्वविद्यालय अनुदान आयोगको सदस्य सिफारिससम्बन्धी कार्यविधि,२०८१" खारेज गरिएको छ।

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल